annapurnapost.com
अन्नपूर्ण पोस्ट
01.11.2023
वर्ष २२, अंक १७८ पृष्ठ १० | काठमाडौं, बुधबार १५ कात्तिक २०८० | कात्तिक कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४३ | WEDNESDAY, NOVEMBER 1, 2023 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

# साहरूख खान भेट्न गएका १४ वर्ष हराए



बाँकेको खजुरा गाउँपालिका-२ बहादुरगञ्ज (सैनिक)का १४ वर्षपछि परिवारको सम्पर्कमा आएका आकाश आलेलाई बुवा अशोक आलेको जिम्मा लगाउँदै श्रद्धा रिहृयाबिलिटेसन फाउन्डेसन मुम्बईका सकिल अहमद।
● शंकरप्रसाद खनाल

**शंकरप्रसाद खनाल** | *नेपालगन्ज*

‘१२ वर्षमा खोलो पनि फर्कन्छ’ भन्ने नेपाली उखान छ। यो उखानको भाव बाँके खजुरा गाउँपालिका-२ बहादुरगञ्ज (सैनिक)का अशोक आलेको जीवनमा लगभग मेल नै खायो। एक मात्र छोरा आकाश आले बलिउड नायकद्वय सलमान खान र शाहरूख खान भेट्न भन्दै ११ वर्षको उमेरमा घर छोडेर भारत गएका थिए। घर छोडेयता उनको कुनै अत्तोपत्तो नै थिएन। तर, हराएको १४ वर्षपछि मंगलबार छोरो घरमा टुप्लुक्क आइपुग्दा उनको खुसीको सीमा रहेन।

‘गाउँघरमा हेराउनेले दक्षिणतिर छ भनेका थिए। छोरो मान्छे हो। इन्डियातिर भए एकदिन पक्कै आउँछ भन्ने लागेको थियो’, नेपालगन्ज बसपार्कको पश्चिम दक्षिणी मूल गेटमा आफन्तहरूसहित छोरा लिन आएका बेला भेटिएका बाबु अशोकले भने, ‘प्यारले हुर्काएका थियौं। जिउँदो भए एक न, एक दिन अंश खोज्दै आउँछ भन्ने लागेको थियो। छोरो फर्कियो। निकै खुसी छु।’

**१४ वर्ष कहाँ–कहाँ पुगे ?**

त्यो समय घरमा भएको थोत्रो साइकल चढेर आकाश र उनको गाउँले साथी राजेन्द्र सीमावर्ती बजार रुपैडिया पुगेका थिए। ‘आठ सय रुपैयाँमा साइकल बेच्यौं। त्यही पैसा लिएर दिल्ली गयौं’, आकाशले ती दिन सम्झे, ‘दिल्लीमा कपडा पसलमा काम गर्थ्यौं। खाना खाएर १० हजार भारु तलब थियो। छुट्टै कोठामा बस्थ्यौं। मैले ४० हजार रुपैयाँ जम्मा गरेर घर फर्कने भनेको थिएँ। आठ महिनाअघि त्यो पैसा चोरेर राजेन्द्र भाग्यो। त्यसपछि घर फर्कन मन लागेन।’ बलिउड नायकलाई भेट्ने सपना अधुरै रहेका आकाश कुलतमा फसेछन्। त्यसपछि उनको जागिर पनि गयो। ‘मन्दिरमा खाना खान्थ्यैं। ठेला धकेलेर पाएको पैसाले रक्सी खान्थ्यैं’, उनले ती पीडादायी दिन सम्झे।

उनलाई २५ जुन, २०२३ मा श्रद्धा रिह्याबिलिटेसन फाउन्डेसन मुम्बईको टोलीले उद्धार गरेर दिल्लीस्थित अपना घर आश्रममा राखेर वरिष्ठ मानसिक रोग विशेषज्ञ डा. भरत भटवानीले चार महिना उपचार गरे। डा. भटवानीले परिवारसँग पुनर्मिलन गराउन अनुमति दिएपछि फाउन्डेसनबाट समाजकर्ता सकिल अहमद नेपाल आएका हुन्। ‘हाम्रो टोलीले सडकमा नशाले लठ्ठ भएको बेला उद्धार गरेका थियौं। मानसिक अवस्था कमजोर थियो। घर, परिवार र जिल्ला पनि भन्न सक्दैनथ्यो’, अहमदले प्रष्ट पारे, ‘सुरुमा त घर शिवपुरी काठमाडौं भन्यो। ठाउँ पत्ता लगाउन खोज्यौं, भेटेनौं। हामीले हिम्मत हारेनौं। खोज्दै जाँदा घर परिवार पत्ता लाग्यो।’

श्रद्धा रिहृयाबिलिटेसन फाउन्डेसन मुम्बईले पाँच वर्षको अवधिमा लामो समयदेखि परिवारबाट बिछोडिएका ८० जनालाई अभिभावकको जिम्मा लगाएको अहमदले जानकारी दिए। उनका अनुसार २६ वर्षपछि धादिङका कुलबहादुर, १६ वर्षपछि जाजरकोटका तिलु देसाई, आठ वर्षपछि अछामका रामसिंह, डोटीका नन्दा बलायरलाई चार वर्षपछि घर फर्काउन सफल भएको थियो। उनले भने, ‘अधिकांश मानसिक रोगको समस्यामा परेका व्यक्ति थिए। सबै जनालाई उपचार गरेका छौं। उनीहरूलाई आवश्यक सबै औषधि घरमै पठाउने व्यवस्था गरेका छौं।’